COUNT US IN 2020

There's Power In Being Counted

ASIAN AMERICANS ADVANCING JUSTICE

COUNTUSIN2020.ORG

# जनगणनाको गोपनीयता

***के तपाईंसँग प्रश्नहरू छन्? अंग्रेजी र अन्य भाषामा सहायताका लागि हाम्रो जनगणना हटलाईनलाई ८४४-२०२०-API मा सम्पर्क गर्नुहोस् । थप जानकारीका लागि www.CountUsIn2020.org/hotline मा जानुहोस् ।***

जनगणनाले युएस (अमेरिका) मा बसोबास गरिरहेका सबै मानिसको गणना गर्छ ।

- जनगणनाले तपाईंको क्षेत्रमा विद्यालय, स्वास्थ्य सेवा र अन्य अत्यावश्यक सेवाहरुका लागि कति रकम पाईन्छ भन्ने कुरामा प्रभाव पार्दछ – तपाईंको समुदायमा जति धेरै मानिसहरु जनगणनामा गनिए , त्यति धेरै रकम तपाईंको समुदायले पाउँछ ।
- ***जब तपाईंले जनगणनामा भाग लिनु हुन्छ, तपाईंले तपाईंको परिवार र समुदायले पाउने रकमहरु, सेवाहरु र राजनीतिक प्रतिनिधित्वको उचित हिस्सा सुनिश्चित गर्न सहयोग गर्नुहुन्छ!***

जनगणनाले तपाईंको घरमा बस्ने हरेक व्यक्तिको उमेर, नाम, वर्ण र जातीयता जस्ता सामान्य प्रश्नहरू सोध्छ । **२०२० को जनगणनाले आप्रवासन वा नागरिकताको बारेमा कुनै किसिमको प्रश्नहरु सोध्नेछैन ।**

## जनगणनामा तपाईंको जवाफहरु पूर्ण रूपमा गोप्य रहनेछ ।

- निकै नै कडा भन्दा कडा कानूनहरूले तपाईंको जनगणनाको जवाफहरुको गोपनीयताको सुरक्षा गर्छन् ।
- जनगणना ब्युरो (कार्यालय) ले तपाईंको व्यक्तिगत जानकारीहरु आईस (ICE), प्रहरी वा अन्य सरकारी निकायहरु लगायत अरु कसैसँग पनि बाँड्न पाउँदैन ।
- जनगणना ब्युरो (कार्यालय)ले तपाईंको जवाफहरु तपाईंको शहरमा कति मानिसहरु बस्छन् र उनीहरुको उमेर, लिंग र वर्ण जस्ता कुराहरु जनसंख्याको बारेमा सामान्य जानकारी सिर्जना गर्न मात्र प्रयोग गर्न सक्छ । जनगणना ब्युरोले तपाईंको जानकारीहरु एक व्यक्तिगत हैसियतको रूपमा बाँड्न सक्दैन ।

कानून अनुसार, हरेक व्यक्ति जनगणनामा पूर्ण रूपमा सहभागी हुनुपर्छ र सबै प्रश्नको जवाफ सही रूपमा दिनुपर्छ । जनगणनामा झुटो नबोल्नुहोस् ।

तपाईंले तपाईंको नाम र ठेगाना मात्र पनि उपलब्ध गराए सम्म अन्य एक-दुईवटा प्रश्नको जवाफ दिनुभएन भने पनि तपाईंको फारमको मान्यता रहनेछ । यदि तपाईंले जनगणनाको कुनै प्रश्नहरू खाली छोड्नुभयो या जनगणनामा भागै लिनु भएन भने, जनगणना ब्युरो (कार्यालय)ले छुटेको जानकारी सोध्नका लागि तपाईंलाई फोन गर्न वा तपाईंको घरमा कर्मचारी पठाउन सक्छ । तपाईंले जति कम प्रश्नहरु खाली छोड्नुहुन्छ, जनगणना ब्युरो (कार्यालय)ले ताकेता गर्ने सम्भावना त्यति नै कम हुन्छ ।

*तपाईंले जनगणनासम्बन्धी थप जानकारी यो www.CountUsIn2020.org/resources वेबसाइटमा थाहा पाउन सक्नुहुन्छ ।*